# फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोक्लवाङ, तेह्रथुम
## १ नं. प्रदेश, नेपाल

## प्राविधिक कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४।०९।१८ गते )

फेदाप गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७४/०९/१६ गतेको निर्णयानुसार यस गाउँपालिकाद्वारा आ.व. २०७४।०७५ मा विनियोजित योजना तथा कार्यक्रम संचालन तथा प्राविधिक कामकाज गर्नको लागि तपसिलका पदहरुमा करार सेवामा नियुक्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदनको लागि दरखास्त आह्वान गरिएको छ।म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

| क सं | विज्ञापन नम्बर | पद | पद संख्या | अन्तर्वार्ता मिति |
|---|---|---|---|---|
| १ | ०१/२०७४-७५ | इन्जिनियर (सिभिल) | १ | २०७४।१०।०३ गते |
| २ | ०२/२०७४-७५ | सव इन्जिनियर (सिभिल) | १ | |

१. **दरखास्त दिने अन्तिम मितिः-** मिति २०७४/१०/०२ गते कार्यालय समय भित्र (सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र)

२. **दरखास्त फारम पाउने स्थानः** फेदाप गाउँ कार्यपालिकाको कार्यालय, पोक्लवाङ, तेह्रथुम वा यस गाउँपालिकाको वेवसाईट http://www.phedapmun.gov.np बाट Download गर्न सकिनेछ ।

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

**(क) इन्जिनियरको हकमाः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरी नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको हुनुपर्नेछ।

**(ख) सव इन्जिनियरको हकमाः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा डिप्लोमा वा प्रविणता प्रमाणपत्र तह (+2) वा सो सरह उतिर्ण गरेको हुनुपर्नेछ।

४. **संलग्न गर्नु पर्ने कागजातहरुः** व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्यानुभव भए सोको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।

५. **दरखास्त दिने तरिकाः** बुँदा नं. ४ मा उल्लिखित कागजातहरु स्वयं प्रमाणित गरी एवं. वुँदा नं. ६ मा तोकिएको दस्तुर यस गाउँपालिकाको नेपाल वैंक लिमिटेड, तेह्रथुममा रहेको संचित कोष खाता नं. ०५४०३०००००००४००१०१२ मा जम्मा गरी सक्कल भौचर साथ रीतपुर्वकको आवेदन फारम भरी हुलाक, इ-मेल मार्फत वा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ । अन्तर्वार्ताको दिन सवै प्रमाणपत्रहरुहरुको सक्कलै प्रति लिई उपस्थित हुनुपर्नेछ ।

(नोटः विदेशी वोर्डबाट उर्तिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।)

६. **दस्तुरः** इन्जिनियर को हकमा रु १,०००।- (रु. एक हजार मात्र) र सव इन्जिनियरको हकमा रु ५००।- (रु. पाँच सय मात्र)

७. **करार अवधिः** २०७५ असार मसान्त सम्म

८. **तलव सुविधाः** नेपाल सरकारको प्रचलित स्केल बमोजिम हुनेछ र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

९. **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मितिसम्ममा ईन्जिनियरको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । सव-ईन्जिनियरको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

१०. **काम गर्नुपर्ने स्थानः** फेदाप गाउँ कार्यपालिकाको कार्यालय र अन्तरगतका ५ वटै वडा कार्यालय

११. **परिक्षण पद्धतिः** शैक्षिक योग्यता, कार्य अनुभव, नागरिकता र अन्तर्वार्ता

१२. **थप जानकारीका लागिः-** सम्पर्क नं. ९८५२०८०६००, ९८४९११५०८९ र इमेलः fedap.ruralmun@gmail.com

१३. **नोटः** यस सूचनामा उल्लेख भए बाहेकका बिषयहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

संयोजक
छनौट तथा सिफारिस समिति

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत